कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक २९ (संयुक्तांक २८३) ने. सं. ११३७ सिल्लागा पंचमी बुधवाः २०७३ फागुण ४ गते बुधवार (Feb 15, 2017) मूल्य रु.१०/- पृष्ठ १४



# 'कु' प्रधान देशका 'लोकप्रिय राजा'



खगेन्द्र गिरी

थाइल्यान्ड विश्वमै सबैभन्दा धेरै 'कु' र 'कु' प्रयास भएको देश मानिन्छ । कतिसम्म भने ठ्याक्कै यति संख्यामा 'कु' प्रयास भयो भन्नेमा पनि इतिहासकार हरू एकमत छैनन्। सन् १९३२ यता थाइल्यान्डमा कम्तीमा १९ कु प्रयास भए, जसमध्ये ७ असफल र १२ सफल मानिन्छन्। कतिपयले थाइल्यान्डलाई 'कु एडिक्टेड' देश समेत भन्छन्।

उनी बेलाबेला देशका कुनाकुना पुग्थे र मानिसहरूबीच आफ्नो उपस्थिति जीवन्त भएको सन्देश दिन्थे। स्वास्थ्य, शिक्षा, अनिकाल, बाटोघाटो जस्ता आम जनताका चासोका विषयमा आफूलाई पनि जोड्दै लग्थे। आफ्नै अग्रसरतामा अस्पताल र कृषि फार्महरूको स्थापना गराउँथे। ग्रामीण भेगका सामान्य मानिससँग पनि उनी त्यत्तिकै नजिकिन्थे र सहरका सम्भ्रान्त सँगको सम्बन्धलाई पनि सुदृढ गरिराख्थे। राजनीतिक शक्तिको अभ्यास कम गरेजस्तो देखिए पनि उनी जनजीवनका सरोकारहरूमा निरन्तर संलग्न भइरहन्थे। उनको निरन्तरको यही प्रयासले थाइल्यान्डमा राजतन्त्र त्यहाँको केन्द्रीय संस्था बन्दै गयो।

सन् १९६० को दशकमा जतिबेला कम्बोडिया, भियतनाम, लाओसजस्ता छिमेकी देशमा क्रान्तिको उभार चलिरहेको थियो, त्यो रापतापको प्रभावबाट जोगिन उनले सैनिक शक्तिसँग अँगालो मारेका थिए, जसले गर्दा आन्तरिक रूपमा राजसंस्था र सेना दुवैलाई फाइदा पुगेको मानिन्छ। उनी पाँच भाषामा कुरा गर्न सक्थे, कला( साहित्यमा दखल राख्थे र मानिसहरुसँग सरल ढंगले बोलचाल गर्थे। र, यी चलाख र लोकप्रिय नेता हुन्- थाइल्यान्डका राजा भुमिबल। बिहीबार उनको मृत्युको सार्वजनिक घोषणा भएपछि उनका प्रशंसकहरू कहाल्लिएर रोएका दृश्य संसार भरिका सञ्चारमाध्यमहरुले प्रसारण गरे। अनि कतिपयले टिप्पणी गरे- उनको जस्तो लोकप्रियता हासिल गर्न आउँदा राजालाई कठिन छ ।

१८ वर्षको किशोर उमेरमै राजा हुने मौका पाएका भुमिबल अदुल्यादेसको ८८ वर्षको उमेरमा बिहीबार निधन भएको छ। उनी ७० वर्षसम्म गद्दीनसिन थिए। उनकै शासनकालमा थाइल्यान्ड कृषिप्रधान देशबाट मध्यम आय भएको अर्थतन्त्रमा विकसित भयो। ६७ प्रतिशत गरिबी रहेको थाइल्यान्डमा हाल ११ प्रतिशत जनसंख्या मात्रै गरिबीको रेखामुनि रहेको जनाइन्छ। संकटको घडीमा गद्दी सम्हालेका भुमिबलको मृत्युपछि पनि थाइल्यान्डको राजनीतिक संकट बढ्ने कतिपय विश्लेषकहरू बताउँछन्।

सन १९६० मा थाई राजारानी अमेरिकी राष्ट्रपति आइजनहावरका साथ सन् १९४६ मा दाजुको हत्यापछि शासन सम्हालेका भुमिबल संयोगले राजा बनेका थिए। उनको जन्म मासाचुसेट्सस्थित क्याम्ब्रिज अस्पतालमा भएको थियो। उनका पिता माहिडोल अदुल्यादेस त्यसबेला हावर्ड विश्वविद्यालयमा जनस्वास्थ्य विषयमा अध्ययनरत थिए। १९२८ मा भुमिबलको परिवार उनका पिता माहिडोलको अध्ययन सकिएपछि स्वदेश फर्कियो। १९२९ मा मृगौला रोगबाट माहिडोलको मृत्यु भयो। पिताको मृत्युपछि उनकी आमा उनलाई लिएर स्वीट्जरल्यान्ड गइन्।

सन् १९३२ मा भएको क्रान्तिले चक्री वंशको झण्डै १५० वर्ष लामो निरंकुश राजतन्त्र अन्त्य गर्दै थाइल्यान्डमा संवैधानिक र ाजतन्त्र स्थापना गर्यो। राजा प्रजादिपक बेलायत गए र त्यहींबाट १९३५ मा गद्दी त्यागे। उनी सन्तानविहीन भएको हुनाले भुमिबलका नौ वर्षीय दाजु आनन्द उत्तराधिकारी बने। सन् १९४६, जुन ९ तारिखका दिन राजा आनन्द माहिडोलको टाउकोमा गोली लाग्यो, जुन अझै रहस्यको रूपमा कायम छ। सो घटनालाई पछि हत्या भनियो र दुई शाही नोकर र एक जना व्यक्तिगत सुरक्षाकर्मीलाई दोषी ठहर्याएर मृत्युदण्ड दिइयो। दाजुको मृत्युपछि भुमिबल गद्दी चढेका थिए।

राजा बनेको ३ महिनामा नै भुमिबल राजनीतिशास्त्र र कानुन पढ्नका लागि स्वीट्जरल्यान्डमा गए। सन् १९४८ मा राजा भुमिबल स्वीट्जरल्यान्डमा छँदै कार दुर्घटनामा परे, जसका कारण उनको दाहिने आँखा गुम्यो। १९६६ मा राजा रानी र युवराज बेलायत भ्रमणका क्रममा उनी त्यसबेला नियमित रूपमा पेरिस गइरहन्थे, जहाँ उनी फ्रान्सका लागि थाइ राजदूतकी छोरी सिरिकितसँग प्रेममा परे, जो एकदमै राम्रो पियानो बजाउँथिन्। जुलाई १९, १९४९ मा लन्डनमा उनीहरूको उनीहरूको इन्गेज्मेन्ट भयो। मे ५, १९५० मा २२ वर्षको उमेरमा भुमिबल थाइल्यान्डको औपचारिक राजा बने।

२४ वर्षको उमेरमा स्वदेश फर्केका भुमिबलले आफूसँग वास्तविक शक्ति सीमित भए पनि राजतन्त्रको जग बलियो बनाउन लागिपरे। आफूले गद्दी आरोहण गरेको समयको बारेमा चर्चा गर्दै भुमिबलले १९८९ को एक अन्तर्वार्तामा भनेका थिए, 'म केही सल्लाह दिनका लागि जब मुख खोल्न खोज्थेँ, उनीहरू भन्थे: 'सरकार ! हजुरलाई केही थाहा छैन।' त्यसैले म मुख बन्द र ाख्थेँ। मलाई धेरै कुरा थाहा थियो तर म मुख बन्द राख्थेँ।'

भुमिबल धनी थिए। झण्डै ३० अर्ब डलर बराबरको उनको सम्पत्ति रहेको अनुमान गरिन्छ। देशका ठूलाठूला कम्पनीमा उनको लगानी भएको बताइन्छ। बैंककमा मात्रै ८ हजारभन्दा बढी हेक्टर जमीन राजखलकको रहेको छ।

थाइल्यान्डः 'कु' प्रधान देश थाइल्यान्ड विश्वमै सबैभन्दा धेरै 'कु' र 'कु' प्रयास भएको देश मानिन्छ। कतिसम्म भने ठ्याक्कै यति संख्यामा 'कु' प्रयास भयो भन्नेमा पनि इतिहासकार हरू एकमत छैनन्। सन् १९३२ यता थाइल्यान्डमा कम्तीमा १९ कु प्रयास भए, जसमध्ये ७ असफल र १२ सफल मानिन्छन्। कतिपयले थाइल्यान्डलाई 'कु एडिक्टेड' देश समेत भन्छन्।

## विभक्त राजनीति

सन् १९९० पछि थाइल्यान्डको राजनीति दुई भागमा बाँडिएको छ। थाइल्यान्डको राजतन्त्रसहित सानो संख्याका साम्भ्रान्तहरूको हातमा मुख्य राजनीतिक शक्ति छ, जसको मुख्य जनाधार थाइल्यान्डको दक्षिणी भेगका सहर हुन्। यही वर्गका मान्छेहरूले थाइल्यान्डमा प्रजातन्त्र आउनुअघि शासन गर्दथे।

## राजा भुमिबल र रानी

अर्को वर्ग छ, ग्रामीण बहुसंख्यकहरूको। झण्डै दुई तिहाई जनसंख्या ग्रामीण इलाकामा बस्ने थाइल्यान्डमा त्यो संख्यालाई राजनीतिभन्दा बाहिर राखिन्थ्यो। धेरैजसो बासिन्दा उत्तरमा रहेका यो वर्ग प्रायः आम चुनावहरूमा हावी हुने गर्दछ। यद्यपि चुनाव जितेपछि पनि शासनशक्ति आफ्नो हातमा राख्न यो वर्ग सफल हुँदैन। यही प्रतिस्पर्धाका कारण आधुनिक समयमा पनि थाइल्यान्डमा सैन्य 'कु' भइरहेको छ।

पछिल्लो पटक टेलिकम व्यवसायबाट उदाएका अरबपति थाक्सिन सिनावात्राले २००१ र २००५ को चुनाव जिते। उनी साम्भ्रान्त परिवारबाट आए पनि राजनीतिक साम्भ्रान्तहरूविरुद्ध र ग्रामीण बहुसंख्यकहरूका पक्षमा कदम चाले। उनैका कारण शक्ति साम्भ्रान्तहरूको हातबाट ग्रामीण वर्गमा सरेको मान्ने पनि धेरै छन्।

सन् २००७ मा थाक्सिनकै समर्थकले चुनाव जिते र २०११ मा उनकै बहिनी यिङ्लक सिनावात्राले। यो परिणामलाई थाई सम्भ्रान्तहरूले स्वीकार्न सकेनन्, जसले गर्दा निर्वाचित सरकारलाई हटाउन स्थापित संस्थाहरूको सहारा लिए। त्यसैले २००६ मा सैन्य 'कु' भयो, २००८ मा सरकारलाई अदालतले खारेज गर्यो र २०१४ मा अर्को सैन्य 'कु' भयो। थाक्सिनमाथि भ्रष्टाचारको आरोप छ ।

## परम्परा बनेको 'कु'

थाइल्यान्डमा 'कु' राजनीतिक संकट समाधान गर्ने सजिलो हतियार मानिन्छ। त्यहाँ जबजब राजनीतिक संकट गहिरिन्छ, तबतब 'कु'को आशंका गरिन्छ। रोचक पक्ष के छ भने त्यस्ता आशंका चाँडै नै यथार्थमा बदलिन्छन्। थाइल्यान्डको राजनीतिक संरचना नै 'कु' अनुकूल छ भन्ने गरिन्छ। १९३२ देखि नै त्यस्तै परम्परा बसिसकेको छ । त्यहाँ 'कु'लाई सजिलै स्वीकारिन्छ पनि।

## राजाको अनिश्चित भूमिका

थाइल्यान्डको राजा राजनीतिभन्दा माथि रहेको बारम्बार दाबी गरिए पनि पर्दापछाडि राजाको सक्रिय भूमिका देखिदैँ आएको छ। कम्तीमा एक दर्जन सैन्य 'कु'लाई राजा भुमिबलले अनुमोदन गरेका थिए । संवैधानिक राजतन्त्र भए पनि संसदबाट पास भएको कानुनलाई भिटो प्रयोग गरेर रोक्ने, अदालतबाट अपराधी घोषित व्यक्तिलाई माफी दिन सक्ने र क्याबिनेटका मन्त्रीलाई बर्खास्त गर्न वा नियुक्त गर्न सक्ने हैसियत राजाको हुने गर्दछ।

राजा भुमिबलको भूमिकाभन्दा पनि राजनीतिक संरचनाका कारण थाइल्यान्डमा राजसंस्था समस्याको जरो बनेको छ। थाइल्यान्डका एक विद्वानले अलजजिरामा लेखेका छन्, 'विदेशीका नजरमा र ाजतन्त्र देशको स्थायित्वको प्रतीक बनेको भए पनि लोकतान्त्रीकरण र स्थायित्वका लागि यो बाधक बनेको छ।'

राजाको मध्यस्थकर्ताको भूमिकाका कारण थाइल्यान्डका कतिपय प्रजातान्त्रिक संयन्त्रहरूले प्रजातान्त्रिक अभ्यास गर्न पाउँदैनन्। एक त राजासंस्था आफै सम्भ्रान्तहरूको स्वार्थरक्षा गर्ने गर्छ, त्यसमाथि धेरैजसो ठाउँमा राजाको प्रतिनिधित्व सेनाले गर्दछ। सेना, कर्मचारीतन्त्र र दरबारको निकट सम्बन्धका कारण 'कु'ले पनि मलजल पाउने गरेको छ।

धेरैजसो ठूला सैन्य 'कु'लाई राजा भुमिबलले अनुमोदन गर्दै आएका छन्। धेरैको तर्क के छ भने त्यस्ता सैन्य 'कु' पर्दापछाडि राजाकै इशारामा हुने गर्दछन्। तर थाइल्यान्डको राजनीतिमा अन्य पक्षहरूबीच जति नै झगडा भए पनि त्यसमा र ाजतन्त्रलाई जोडिँदैन। त्यसैगरी केही अपवादलाई छोडेर हेर्ने हो भने यस्ता कु प्रायः र क्तपातविहीन हुने गरेका छन्।

## उत्तराधिकारको प्रश्न

राजा भुमिबलको मृत्युपछि उनका एक मात्र छोरा महा वजिरालंगकर्ण राजा बन्दैछन्। सन् १९५२ मा जन्मिएका महाले युवाकाल युरोप र अस्ट्रेलियाका कलेजमा बिताएका थिए। पछि उनी थाइल्यान्डको सैन्य पाइलट पनि बने। तीन बिहे गरेका महाको सार्वजनिक छवि एकदमै नराम्रो रहेको बताइन्छ । राजतन्त्रका समर्थक सम्भ्रान्तहरूसमेत उनलाई राजाको रूपमा देख्न चाहँदैनन्। निर्वासित पूर्व प्रधानमन्त्री थाक्सिनसँगको उनको सम्बन्धदेखि लिएर कुकुरको जन्मदिनमा उनी र उनकी तेस्री पत्नीको नग्न भिडियो सार्वजनिक भएसम्मका घटनाले उनी थाइल्यान्डमा अलोकप्रिय रहेको बुझिन्छ। केही अन्तर्राष्ट्रिय

**थाइल्यान्डमा 'कु' राजनीतिक संकट समाधान गर्ने सजिलो हतियार मानिन्छ। त्यहाँ जबजब राजनीतिक संकट गहिरिन्छ, तबतब 'कु'को आशंका गरिन्छ। रोचक पक्ष के छ भने त्यस्ता आशंका चाँडै नै यथार्थमा बदलिन्छन्। थाइल्यान्डको राजनीतिक संरचना नै 'कु' अनुकूल छ भन्ने गरिन्छ। १९३२ देखि नै त्यस्तै परम्परा बसिसकेको छ । त्यहाँ 'कु'लाई सजिलै स्वीकारिन्छ पनि ।**

सञ्चारमाध्यमले महा राजाका लागि योग्य नभएको दाबी समेत गरेका थिए।

थाइल्यान्डको राजनीतिको पछिल्लो दश वर्ष राता र पहेँलो सर्टमा विभाजित छ। सम्भ्रान्त समर्थकहरू पहेँलो र थाक्सिनका समर्थक रातो सर्टमा चिनिन्छन्। थाक्सिनसँग रहेको भनिएको अबको राजाको मित्रताले त्यो विभाजन रेखालाई मेट्न सके थाइल्यान्डको राजनीतिमा त्यो सबैभन्दा ठूलो सफलता हुनेछ तर त्यसतर्फ थाइल्यान्डका सम्भ्रान्तहरू इच्छुक देखिदैनन्।

सन् २०१४ मा भएको 'कु' पछि सत्तामा रहेको सेनाले गराउनुपर्ने चुनाव, सत्ता हस्तन्तरण, राजनीतिक ुवीकरणको अन्त्यजस्ता चुनौती थाइल्यान्डको अघिल्तिर देखिन्छन्। यद्यपि नयाँ राजाको नेतृत्वमा त्यस्तो हुने सम्भावना क्षीण रहेको विश्लेषण पनि गरिन्छ। तर दिवंगत राजाको शोकमा ३० दिनसम्म राष्ट्रिय झण्डा झुकाउन, सरकारी कर्मचारीहरूलाई कालो कपडा लगाउन र शोकको समयमा सर्वसाधारणलाई उत्सव नमनाउन ०१४ को कुपछि जुन्ता प्रमुख बनेका जनरल प्रयुथ चानओचाले आग्रह गरेका छन्।

सात दशक लामो शासनकालमा २९ प्रधानमन्त्री, १६ 'कु' र १६ संविधान बेहोरेका भुमिबलको निधनमा उनका समर्थक त दुःखी छन् नै, उनैले बलियो बनाउँदै लगेको राजतन्त्रको भविष्यमा समेत प्रश्न उठ्न थालेको छ। ( एजेन्सीको सहयोगमा)

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक २९ (संयुक्तांक २८३) ने. सं. ११३७ सिल्लागा पंचमी बुधवाः २०७३ फागुण ४ गते बुधवार (Feb 15, 2017) मूल्य रु.१०/- पृष्ठ १४

# चुनाव घोषणा हुनासाथै आन्दोलन घोषणा

## चुनाव घोषणा पछि नयाँ राजनीतिक तरंग आउने अवस्था



**कीर्तिपुर सन्देश साप्ताहिक**

स्थानीय तहको निर्वाचन मिति ८ फागुनमा घोषणा गर्ने तयारी भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मिति घोषणाबारे प्रमुख तीन दलका शीर्ष नेताहरूलाई जानकारी गराएका छन्।

बालुवाटारमा मंगलबार साँझ प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष केपी ओलीबीच दुई घण्टा लामो छलफल भएको थियो। स्रोतका अनुसार बैठकमा प्रधानमन्त्री प्रचण्डले अव निर्वाचनको मिति घोषणामा सरकारले ढिलाई नगर्ने भन्दै ८ फागुनमा मिति घोषणा गरेर अगाडि बढ्नेबारे जानकारी गराएका थिए। ‘अव निर्वाचन मिति घोषणामा सरकारले ढिलाई गर्दैन,’ बैठकमा प्रधानमन्त्री प्रचण्डको भनाई उद्धृत गर्दै उनको नीजि सचिवालयले भन्यो, ‘निर्वाचन आयोगलाई तयारी गर्न सरकारले पत्राचार गरिसकेको छ, अव निर्वाचन मिति पनि घोषणा गरेर सरकार अगाडी वढ्छ।’ संविधानको वाध्यकारी ब्यवस्था अनुसार सरकारले आगमी ७ माघ भित्रै स्थानिय, प्रदेश र संघको निर्वाचन गराउनुपर्ने छ। यसअघि माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठको निवास हात्तिवनमा २८ माघमा भएको बैठकमा प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओलीसँग फागुन पहिलो साताभित्रै निर्वाचन मिति घोषणा गर्ने बताएका थिए। मंगलवार साँझको बैठकमा प्रधानमन्त्रीले निर्वाचन मिति घोषणा वारे सत्ता साझेदार दल काग्रेसको पनि धारणा वुझ्न खोजेका थिए। एकातिर सत्तापक्ष र प्रमुख प्रतिपक्ष दलका शीर्ष नेताहरु आइतवार स्थानीय तकको निर्वाचन घोषणा गर्ने तयारीमा लागेका छन् भने उता संविधानप्रति असन्तुष्ट ब्यक्त गर्दै आन्दोलनरत संघीय गठबन्धनले पनि चुनावको मिति घोषणा गर्नासाथै आन्दोलन घोषणा गर्ने तयारीमा लागेको छ। आफूहरुसंग गरेको सम्झौता अनुसार संविधान संशोधन गर्नुपर्ने कुरालाई बेवास्ता गर्दै चुनाव घोषणा गरे जस्तोसुकै आन्दोलन गर्न पनि आफूहरु तयार रहेको संघीय गठबन्धनका एक नेताले बताएका छन्। उहाँले अव हुने आन्दोलन भनेको निर्णायक हुने बताइएको छ।

चुनाव घोषणा हुनासाथै आन्दोलन घोषणा हुने अवस्था सिर्जना भएका कारण सो समयदेखि मुलुकमा नयाँ राजनीतिक घटनाक्रम विकास हुने अनुमान गर्न थालेको छ। चुनाव घोषणा संगसंगै नेपालको राजनीतिमा नयाँ तरंग आउने र राजनीतिक दलहरु अझ बढि ध्रुविकरण हुने समेत अनुमान गर्न थालेको छ। चुनाव गर्न नसकेतापनि चुनावको मिति भने प्रचण्ड नेतृत्वकै सरकारले घोषणा गर्न लाउने कांग्रेस र एमालेका नेताहरुको योजना अनुसार नै प्रचण्ड सरकारले चुनावको मिति घोणा गर्न लागेको सूत्रले बताएको छ।



**कानुनी सल्लाहकार**
**ज्ञानबहादुर महर्जन**
**प्रकाशक**
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
सम्पादक
**श्रीकृष्ण महर्जन**
प्रवन्धक
**निरजमान सिंह**

व्यवस्थापन
**भरत महर्जन**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालय: **निखासी टोल: कीर्तिपुर नपा-३**
फोन नं.: ४३३३००७
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com

**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

## स्थानीय निकायका कर्मचारीहरुको आन्दोलन

**स्थानीय निकायमा कार्यरत विभिन्न ५ ओटा कर्मचारी संगठनहरुले सामुहिक रुपमा आन्दोलन गरी स्थानीय निकाय ठप्प पारेका कारण मुलुकभरी नै जनताहरु स्थानीय निकायको सेवावाट बञ्चित भएका छन् ।**

**विशेष गरि मुलुक संघीयतामा गएको अवस्थामा स्थानीय तहमा कर्मचारी समायोजन गर्नुपर्ने र निजामति कर्मचारीहरुलाई मात्र स्थानीय तहको नेतृत्व गर्ने जिम्मेवारी दिन नहुने, योग्यता र क्षमताको आधारमा जिम्मेवारी दिनुपर्ने, अस्थायीहरुको स्थायी गर्ने लागयतका कर्मचारीहरुका पेसागत माग राखी स्थानीय निकायका कर्मचारीहरु आन्दोलनमा उत्रेका हुन ।**

**कर्मचारीहरुले कामै ठप्प पारेका कारण समस्या जनतालाई भएको अवस्था छ । जनता स्थानीय निकायवाट सेवा पाउन नसकिरहेको अवस्थालाई राज्यले साथै स्थानीय निकायका कर्मचारीहरु गम्भीर भइ अघि बढ्नुपर्ने अवस्था छ । समयमै समस्या समाधानका लागि राज्यले आन्दोलनरत पक्ष कर्मचारीहरुलाई वार्तामा बोलाउनु पर्ने र वार्ताको माध्यमवाट समस्या समाधान गर्नुपर्ने कुरालाई प्राथमिकता दिनुपर्छ । अन्यथा आन्दोलन जारी रहेको अवस्थामा जनताले दु:ख पाउने अवस्था आउछ र जनताले दु:ख दिनु हुदैन भनी स्वयं आन्दोलनर पक्ष र सरकारले पनि बुझ्नु जरुरी छ ।**

# बूट पालिस आन्दोलन



**–डा.कविताराम श्रेष्ठ**

यसै क्रममा मैले बुट पालिस अभियानमा आफ्नो सङ्लग्नता पनि पाजीकृत गर्नु पर्ने हुन्छ । साहित्यिक अभियानहरुमा अस्वीकृत जमातपछि बुट पालिसको क्रम देखिएको छ र यसले निकै नै प्रतिष्ठा पनि पायो । वास्तबमा अस्वीकृत जमातको जस्तो सैद्धान्तिक विद्रोह हामीले यसमा सोचेका पनि थिएनौं । सामाजिक सङ्कलनको प्रकाशन बन्द गरिएको थियो र पत्रिका दर्ता गर्न हाम्रो पूँजीको क्षमताभन्दा बाहिरका कुरा थिए । हामीसँग पत्रिका रहेनन् र किताब छाप्न सक्ने पनि कुनै औकात भएन । हाम्रो कलममा ठप्पा लागेको थियो । त्यस्तै परि स्थितिमा छिटो सजिलो र प्रभावकारी प्रतिकार वा असन्तुष्टीको प्रदर्शन त्यही हुन सक्थ्यो( बुट पालिस । बुट पालिस गरेर कमाएको पैसाले किताबको प्रकाशन । धोवीधाराको वरपर साकार म र मोहन घिमिरे बस्दथ्यौं । "जागरण" को अफिस त्यतै थियो । कुमुद नारायण ढकाल सन्तोष भट्टराई र भाउपन्थी पनि बेलाबेलामा आउँथे र छोयला कचिला र ऐलाका कार्यक्रमहरु नजिकैको भट्टीमा गर्दथे । आफू परैं नपिउने । नपिउने भएपछि साथ पनि स्वत: कमै हुने रहेछ । यसै ताका कुरै कुरामा साथीहरुले योंग राईटर्स फ्रंट (नयुवा लेखन) पनि गठन गरेछन्( मलाई पत्तै भएन ।

एक दिन साथीहरु तेज खरेल (जागरणका सम्पादक) का अफिसमा आइपुगे । योंग राईटर्स फ्रंट को मिटिङ्ग गर्न । म पनि पुगेँ । कुरैकुरामा साथीहरुले आफ्ना किताबहरु प्रकाशित हुन नसकेका तीता(मीठा प्रसङ्गहरु निकाले । सामयिक सङ्कलनको प्रकाशनमा लागेको प्रतिबन्ध र साझा र प्रज्ञा(प्रतिष्ठानका नीतिहरुबाट वाक्क भएका कुनै एकजना साथी सन्तोष वा नारायण ढकाल वा मोहन कुनैले बुट पालिस गरेर किताब निकाल्ने आवेग पोखे । छिट्टै नै सबैको दिमागमा पसेछ । एकै स्वरमा "हो" "हो" निस्कियो । तुरुन्तै भोलिपल्टै नयाँ सडकमा बुट पालिस गर्ने भइहाल्यौं । म चुप थिएँ । भाउपन्थीले "के सोचेको" भनेर कोट्याए । मैले भनें( "सोचेर गर्नु पर्छ ।" मोहनले प्रश्न राख्यो( "के सोच्नु पर्छ ?" मैले भनें( "योजनावद्ध काम गरुयौं भने राम्रो हुन्छ हतार गर्नुहुन्न ।" साकारले स्वीकृति जनायो । किशोर 'झुत्रे' जङ्गियो( "तिमीहरु सुट(टाइ लाउने मान्छे बुट पालिस गर्न सक्तैनौ '। हामी त भोलि गरेरै छाड्छौं ।"

म अवाक भएँ । साकार अवाक भयो । अवाक हुनुको मतलब अस्वीकृति थिएन । सबै साथीहरु घर फर्किए । बुट पालिस सोझै बुट पालिस गरेर अर्थ सङ्कलन गर्ने अभियान मात्र थिएन । यसका पछाडि बलियो "अस्वीकृतवाद" पनि थियो । कहिँ कतै गल्ति भए इतिहासले हाँसो उडाउन सक्थ्यो । यो उछृङ्खल मानिन सक्थ्यो र सरकारका आँखामा पनि बिझाउने कुरा हुन सक्थ्यो । त्यसैले योजनाबद्ध काम गर्नु एकदमै जरुरी थियो ।

साकार, म र मोहन भएर र ातभरि कार्यक्रम बनायौं । यसलाई पब्लिसाइज गर्न एकदमै जरुरी थियो । सम्बन्धित निकायहरुलाई हाँक पुर्‍याउन प्रचार पनि हुनु जरुरी थियो । त्यसैले हामीले पर्चाहरु लेख्यौं । "साहित्यका लागि बुट पालिस" "नवयुवा लेखनका पुस्तक प्रकाशनार्थ बुट पालिस" इत्यादि । नौ बजे बिहान नयाँ सडक पुग्यौं । योजना अनुरुप बुट पालिस गर्ने केटाहरु दुईवटा बाकस केही पालिस र ब्रसहरु दिन भरिको १०। ( रुपैंयाँ दिएर भाडामा लियौं र महिला संगठनको बिक्री भण्डारको पश्चिम पट्टि गयौं । त्यहाँ पहिला पोष्टरहरु टाँस्यौं । तीनजनामा केही लज्जा थियो । शुरु गर्न निकै गाह्रो परुयो । मान्छेहरुको भीड बढ्न लाग्यो । भीडले हामीलाई नछोपुन्जेल पोष्टर टाँस्ने व्यस्तताभित्र लाजलाई लुकाउन कोसिस गरुयौं । अघिल्लो दिन जोस्सिने साथीहरु आइपुगेनन् । तेज खरेलले भीड जम्मा गरे । भीडले राम्रै छोपेपछि हामीले भीडबाट जुत्ता माग्यौं । जुत्ता आउन लागेपछि हामीलाई लाज लाग्न छाड्यो । केहीक्षणमै काशीनाथ तमोट, नारायण ढकाल, धुर्व सापकोटा, भाउपन्थी गर्दै साथीहरु थपिए । विश्वनाथ आए तर पछि लुसुक्क हिँडे । कुमुद आएर पनि परपरै भागेछ । किशोर झुत्रे जसले यही गर्न हाँक दिएको थियो देखै परेन । जागिर जाने डर भएछ । भवानी घिमिरे, नगेन्द्रराज शर्मा, नृपेन्द्र पुरुष र तेज खरेल भीडबाट ग्राहक तान्न लागे । यस्तै प्रेम कैदी र आनन्द जङ्गलीले पनि केही साथीहरु ल्याए र हामीसँगै बसेर बुट पालिस गर्न सघाए । अपरान्ह पछि देखियो( हाम्रो बुट पालिसको लाम २०र२५ जनाको भएछ । हामीले सबै सहयोगीहरुलाई चिनेनौं । साँझ ६स्३० बजे हामीले उठ्ने निधो लियौं । धेरै आए । हात मिलाए । धन्यवाद दिए । फोटो खिचे र तिनैमध्ये केही यस्ता पनि थिए जसले "फेसनका लागि बुट पालिस" वा "सस्तो नामका लागि बुट पालिस" भन्ने जस्ता कमेन्ट पनि गरे ।

पैसा गन्यौं जम्मा २०९ रुपैंयाँ ४० पैसा उठेछ । भोलिपल्ट युनिभर्सीटीमा बुट पालिस गर्ने आग्रह युनिभर्सीटीका साथीहरुले गरे तर भोलिपल्ट आइत्त्वार थियो र हामी( साकार मोहन र मैले समय दिन सकेनौं । भोलिपल्ट विद्यार्थी साथीहरुले युनिभर्सीटीमा साँच्चै बुट पालिस गरेछन् र झण्डै पाँचसय रुपैंयाँ हामीलाई बुझाउन ल्याए । सो जम्मा रकम रु सातसय बैंकमा मोहन घिमिरे र धुर्व सापकोटाको संयुक्त नाममा राख्यौं । दुई हजारको आवश्यकता थियो । पछि हामीले चाहिंदो र कम जम्मा गर्न सकेनौं । आजसम्म नै त्यो पैसा बैंकमै छ र हाम्रो किताब अझै निस्कन सकेको छैन ।

बुट पालिस अभियान निकै चर्चामा आयो । धेरै पत्रपत्रिकाहरुले लेखे । यी मध्ये अर्पण चर्चा राष्ट्रध्वनि ०३१ आश्विन १४ प्रतिज्ञा आश्विन १२ समय दैनिक सही आवाज दैनिकले यस अभियानको सराहना गरे । समीक्षाले सडक बोल्छ स्ततंभमा सडकका मतहरु समेत प्रकाशित गरुयो । भारतको दैनिक अङ्ग्रेजी 'टाइम्स अफ इण्डिया' ले स(सम्मान खबर दियो भने दिनमानले 'सर्व श्री किशोर नेपाल सङ्लग्न भएका अभियान' भनेर झूठो समाचार पनि छाप्यो । बिराटनगरबाट प्रकाशित 'कोशेली' मात्र यस्तो पत्रिका देखियो जसले त्यसबेला देखिएका सुनिएका र समस्त मनगढन्त नकारात्मक कुराहरु सङ्कलन गरी छाप्यो । छिट्टै नै हामीले महसुस गऱ्यौं– यस अभियानबारे केही प्रकाशन गर्नुपर्छ । हाम्रासाथमा तेज खरेल थिए । उनको पत्रिका 'जागरन' वर्ष २, अङ्क ३, ०३१ ले 'बुट पालिस परिशिष्टाक प्रकाशित गरिदियो । यसमा हामी सबैजसो बुट पालिसेहरुका अभिव्यक्तिहरु छापिएका छन् ।

(मेरा अस्वीकृत मान्यता बाट उद्धृत

## गजल

प्रशान्त डंगोल
टोखा



बागवानीमा हजार आँखा हेर्ने मेरी मायालुलाई
भाग्यमानी गए सुतुक्क पत्र केरी मायालुलाई

धकमक्क फुलेको जोवनलाई चुम्न चारधामबाट
लाखौं आयी बागवानीमा थपक्कै घेरी मायालुलाई
देश घुमि शेष खायको लक्का [redacted] आज
पदउन्नतिको सेवा सुसार [redacted]लाई

हिउदे झरिको सिमसिम [redacted] लग्यो
घर आफ्नै काचुलिले लपक्क [redacted]
स्वतन्त्र बनाई दिय आज [redacted]
वीभ[redacted] आफ्नै गला आफै [redacted]

**पाठक प्रतिक्रिया .......**

## विष्णुदेवी मन्दिरमा अघोरीको दादागिरी

का.जि.कीर्तिपुर नगरपालिका वडा नं.१८ भाजंगलमा अवस्थित अति शक्तिशालीदेवी अग्नी रुपिनि साक्षात भगवती विष्णुदेवी माताको मन्दिर छ । जहाँ हरेक साल बखुँमद: सातगाउँले जात्रा मनाइन्छ । त्यहीं नजिक पांगावासीहरुको दाहसंस्कार गर्ने मसान पनि छ । जसको नाम देश विदेशमा समेत प्रख्यात छ । उक्त विष्णुदेवी मन्दिर को सतलमा विगत २ वर्षदेखि एक जना अघोरी आएर बसिरहेका छन् । उक्त अघोरी आएदेखि नै शंकास्पद कार्यहरु गर्दै आइरहेको छ । जोगी भएपछि मन्दिरमा चाहिन्छ, ज्ञानगुणका कुरा सिक्न पाइन्छ भनेको त उल्टो अर्थ राख्ने अघोरी पो रहेछ । निजले विगत वर्षहरुमा पनि नचाहिने काम गर्ने गर्थ्यो । भजन मण्डलको हिटर लगेर फिर्ता दिन नल्याउने, लिन गए थर्काउने, पानी ट्याङ्की फुटाउने, भक्तजनहरुले पुजा गरी घण्टा बजायो कि कुट्न आउँछ । त्यसैले नीजलाई हटाई पाउँ भनी कीर्तिपुर नगरपालिका मार्फत कीर्तिपुर प्रहरी कार्यालयमा पत्राचार गरियो । समातेर लग्यो । एक दुई दिन थुनेर छाड्यो । फेरि फर्केर आएर भक्तजनलाई घण्टा बजाएको निहुँमा कुट्यो । मन्दिरमा भोज गर्न आयो भने उसलाई डिस्टर्व भयो भनेर गाली गर्न आउँछ । रात्री पुजा (चापुजा) गर्न आयो नाटक गरेको भनेर झगडा गर्न आउँछ । हाम्रो धर्म अनुसार महादेव आराध्य देव हो । उसको धर्ममा त्यो होइन, त्यसैले म महादेवलाई लाटा हान्छु भनेर लाटा हानेर, टेकेर फोटो समेत खिचेको छ ।

हाल आएर राती बत्ती बाल्नै दिंदैन । सम्बन्धित समिति पाँगाका गुठीका नाईकेहरुले समेत यहाँ बस्नु पर्दै भनि सम्झाउन जाँदा पनि तेरपुच्छर नलाएकोले कीर्तिपुर प्रहरी कार्यालयमा पत्राचार समेत गरेका छन । त्यो अघोरी राम्रो चरित्र भएको मान्छे होइन । त्यहाँ वरिपरिका बासिन्दाहरुसँग सोधे हुन्छ । मन्दिर घुम्न गए पिट्न आउँछ । एक्लै दुक्लै पुजा गर्न जानै डरलाग्दो अवस्था आएको छ । सम्बन्धित निकायले बेलैमा निजलाई हटाई समस्या समाधान हुने थियो । अघोरीको यस्तो क्रियाकलापले स्थानीयवासी र भक्तजनहरु आक्रोसित हुन थालेका छन । यसबाट भोलि आउने खराब परिस्थितिको जिम्मा सम्बन्धित निकायहरुले लिनु पर्ने छ ।

**श्रद्धालु भक्तजनहरु**


Exchange Offer
Online Shoping को लागि
Playstore मा MN Shop App. को व्यस्था
सम्पुर्ण सामानहरुमा वारेन्टी
सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु
SAMSUNG
ZTE
COLORS
GIONEE
Make Smiles
OPPO
Camera Phone
ZOPO
SMARTPHONE
MEIZU
HUAWEI
LAVA
Mobile
Nikunja Pvt. Ltd.
Head Office:
Kirtipur-17, Kathmandu ☎: 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com
Showroom:
Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# सहकारी सम्बन्धी समसामयिक समिक्षा



**दिनेश दर्शनधारी**
दर्शन बचत तथा ऋण
सहकारी संस्था लि.

नेपालमा भ्ऱण्डै ३३ हजार भन्दा बढी सहकारी संस्था दर्ता भई संचालनमा रहेका छन् भने कीर्तिपुरमा मात्र १०० भन्दा बढी सहकारी संचालनमा रहेका छन्। गरिवी निवारणको प्रमुख अस्त्रको रुपमा संसारभर सहकारीलाई हेर्ने गरिएको परिप्रेक्ष्यमा नेपालमा समेत सहकारी क्षेत्रले गरिवी निर्वारण गर्न छरिएर रहेका पुंजी तथा स्थानीय साधन, सीप र श्रोतको परिचालन गर्न, उपेक्षित, अल्पसंख्यक र पिछ्डिएका वर्गलाई वित्तीय सेवा उपलब्ध गराउन प्रमुख भुमिका खेलेको छ। यति हुँदाहुँदै पनि पछिल्लो समय श्रृखलाबद्ध रुपमा विभिन्न संचारमाध्यमहरु मार्फत सहकारी क्षेत्रमा देखिएका तमाम विकृति विसंगतिहरु सार्वजनिक हुँदै आएका छन् । जसले गर्दा नेपालको आर्थिक क्षेत्रको तीन खम्वा मध्येको एक खम्वा सहकारी क्षेत्र र यसले हासिल गरेका सम्पूर्ण उपलब्धिहरुलाई धुमिल पार्नसक्ने खतरा उत्पन्न भएको छ।

अहिले सहकारी क्षेत्रमा कल्पनै नगरेका विकृतिहरु देखा पर्न थालेका छन् । सहकारीकै कारण मान्छेहरुले आत्महत्या गर्नु परेको, घरबार विग्रिएर पलायन भएर भाग्नु परेको कर्जा तिर्न घरखेत बेच्नु परेको जस्ता दुःखद समाचारहरु बाहिर आउनाले सहकारी क्षेत्र कसरी अगाडी बढीरहेको छ अनुमान गर्न सकिन्छ। कीर्तिपुर क्षेत्रमा भने यस्तो बिकराल स्थिति सृजना नभए पनि धेरैले आफ्नो घर जग्गा गुमाई सडकमा आएको धेरै घटना हामीले लुकाएर लुकाउन सक्दैनौ। आफ्नो पवित्र मार्गबाट विचलित भएर आजको यो अवस्थामा कसरी आइपुग्यो त सहकारी क्षेत्र भन्ने केलाउन केही महत्वपूर्ण विषयहरुको बारेमा चर्चा गर्नु आवश्यक रहन्छ, जसलाई तल क्रमशः प्रस्तुत गरीएको छ।

### नाफामा मात्र ध्यान

छरिएर रहेको पुंजीलाई एकिकृत गर्ने अनि सो पुंजीलाई प्रयोग गरि गरिव तथा विपन्न वर्गलाई सहज वित्तीय सेवा प्रदान गर्ने र तिनको आर्थिक सामाजिक उत्थान गर्ने पवित्र उद्देश्य बोकेको सहकारी क्षेत्र अहिले आफ्नो उद्देश्यबाट विमुख हुन थालेको छ । जसरी भए पनि नाफा कमाउनु पर्छ भन्ने मानसिकता विकास हुँदै गएको छ। समस्याको जड यहीं छ। जबसम्म सेवा भावबाट परिचालित हुदैन र जसरी पनि ऋणीलाई बर्वाद बनाउन ब्याज माथिको स्याज अनि भारी जरिवाना अनि जरिवाना माथि पनि ब्याज लगाउछौं तबसम्म अहिलेको समस्या दोहरीनै रहने छ । बचत कर्तालाई ब्याजमा शोषण गर्ने अनि ऋणीको जग्गा हडप्ने गलत नियत राख्ने साथै संचालकहरुले अकुत सम्पत्ति आर्जन गर्ने काम जब सम्म हाबी हुन्छ तब सम्म अहिलेको समस्या फेरी फेरी दोहरी नै रहने छ॥

### ब्याजदरमा समस्या

सहकारीको ब्याजदर सम्बन्धमा सधै विवाद रहँदै आएको छ । धेरै मान्छेहरुको बुझाई सहकारीले बचतमा थोरै ब्याज दिने अनि ऋणमा चर्को ब्याज लिएर अत्याधिक नाफा कमाईरहेको भन्ने छ। हामी सबैले के बुझ्नु आवश्यक थियो भने, सहकारी संस्थाहरु केवल बचत गर्ने र ऋण प्रदान गर्ने संस्था मात्रै थिएनन् । यीनले समाज रुपान्तरण गर्ने अभियानको नेतृत्व गर्नु थियो र जसका लागि भनेरै केही बढी ब्याज लिने गरिएको थियो । तर पछिल्लो समय सहकारी संस्थाहरुले सदस्यको क्षमता विकास, बजार विस्तार, सामाजिक कार्य आदिमा सुको पैसा खर्च गरेनन् । लगानीका नयाँ क्षेत्रहरुमा अध्ययन तथा अन्वेषण गरेनन्। आवद्ध सदस्यहरुलाई उनीहरुले तिरेको ब्याजबाट राहत, सुविधा उपलब्ध गराउने कार्यमा उदासिन हुँदै आए र जेका लागि भनेर बढी ब्याज लिइएको त्यो नगरी रेकर्डमा प्रतिफल विवरण गर्ने, पूँजिबजारमा चलखेल गर्ने, घुमाउरो पारामा घर जग्गामा लगानी जस्ता विकृतिहरु देखा पर्न थाले । फलस्वरुप सहकारी संस्थाहरु नयाँ सामन्तको रुपमा चित्रित हुन थाले । सहकारीका संचालकहरु केही बर्ष अगाडी सम्म चप्पलमा हिड्थे भने संचालक भएको केही बर्षमा उनीहरुको घर तथा महल ठडिन थाले। उनीहरुका आफन्तका नाममा रोपनीका रोपनी जग्गा जोडिन थाले । जसको कारण स्थिति अझ भयावह हुने निश्चित छ। बिडम्बना हामी समस्याको जडमै नपुगी समाधानको सतही प्रयासमा लाग्यौं । जसले यस क्षेत्रलाई थप हानी पुऱ्याउने निश्चित छ।

### नाम मात्रको लेखा समिति

सहकारी क्षेत्र केही अतिनै राम्रा आधारभुत सिद्धान्तको जगमा अडिएको हुन्छ । त्यो सिद्धान्त पालना नभएरै अहिले विभिन्न समस्याहरु देखिन थालेका छन्। एक जना सदस्यको कर्जा अर्कोले चलाउने, कर्जा सदुपयोग नगर्ने, एउटा सहकारी संस्थाबाट लिएको कर्जा तिर्न अर्को सहकारी संस्थाबाट कर्जा लिने, एउटै सदस्यले १० देखि १५ वटा सम्म सहकारीको सदस्य बन्ने अनि कर्जा लिने, कर्जा लिंदा साक्षि बसे वापत कमिसन खाने त्यस्तै बचत कर्तालाई थाहा नै नदिई बचत फिर्ता नदिई नबिकरण गर्ने, बचत फिर्ता दिनै परेमा पनि धेरै जरिवाना कट्टा गरि दिने, जस्ता अनेकौं नयाँ विकृतिहरु देखा पर्दा सहकारी संस्थाहरुले निमार्ण गरेको अनुगमन संयन्त्र कस्तो रहेछ भन्ने जग जाहेर भएको छ । नगर पालिका भित्र एउटा कोठा भाडामा लिएर पसल गर्ने एकजना सज्जनले पसलको लागि भन्दै १५ वटा सहकारी संस्थाबाट कर्जा लिएर कर्जा अपचलन गर्दा हाम्रो संयन्त्र के हेरेर बसेको छ। हामीले हाम्रा साथीहरुलाई के सिकाएका रहेछौं । सहकारीबारे ठुलै भाषण गर्दै हिड्ने अनि आफै संचालक रहेको सहकारीमा पुंजी अपचलन गर्ने, घुमाएर सेयर तथा घरजग्गामा लगानी गर्ने अनि आए आफ्नो गए सहकारीको भन्ने मित्रहरु पनि देखेका छौं । सहकारीका ठुला ठेकेदार हौं भन्दै भाषण गर्ने मित्रहरु हो, समिक्षा गरौं । किन हामी सहकारीका सदस्य अनि तल्ला कर्मचारी हरुलाई सक्षम बनाउँन प्रयास गर्दैनौं, किन हामी नियमित बैठक, तालिम, गोष्ठी तथा समिक्षाहरु गर्दैनौं । किन हामी अनुगमन निरिक्षण गर्ने भरपर्दो संयन्त्र बनाउन हिच्किचाउँछौं। अनि किन भएको लेखा समितिलाई पनि नाम मात्रको बनाउछौं । कि अनुगमन, निरिक्षण, तालिम, बैठक, गोष्ठी समिक्षा गर्दा नाफा घट्छ भन्ने सोच छ । गम्भीर भएर सोचौं । प्रभावकारी अनुगमन संयन्त्रको विकास गरौं र यस्ता विकृतिहरु रोक्न प्रयास थालौं । अन्यथा हामी एकदिन आफैले खनेको खाडलमा पुरिनेछौं ।

### पारदर्शिता रजवाफदेहिता

सहकारी क्षेत्र स्थानिय समूदाय प्रति सदैब जबाफदेही र पारदर्शि रहनु पर्दछ । सहकारीले गरेका हरेक क्रियाकलापमा स्थानिय सहकारी सदस्यहरुको सहभागीता र अपनत्व हुनु पर्दछ तर अहिले अवस्था त्यस्तो छैन । सहकारीका क्रियाकलापको बारेमा स्थानिय बुद्धिजिबी, समाजसेबी, नागरीक तथा सहकारी सदस्यहरु कसैलाई थाहै हुदैंन। हामी हाम्रा कुनै पनि क्रियाकलापमा उनिहरुलाई सामेल गराउँदैनौं । हामीले बर्षमा एक पल्ट साधारण सभामा सदस्यहरुले नबुझ्ने भाषामा अडिट रिपोर्ट पेश गर्छौं अनि ताली बजाएर समर्थन लिन्छौं। बिस्तृत रुपमा आफु संलग्न रहेको सहकारी के भईरहेको छ भन्ने कुरा हिजो सदस्यहरुलाई थाहा नभए पनि आज हरेक सहकारीका सदस्यहरुले यो कुरा खोज्नु जरुरी भईसकेको छ । सहकारीले आफुले संकलन गरेको निक्षेप कहां राखेको छ बैंकमा छ की घरमा छ अनि सही ठाउंमा लगानी भएको छ की छैन हरेक सहकारीको हरेक सदस्यहरुले खोज्नु जरुरी छ भने सहकारीले पनि पारदर्शित गर्नु जरुरी छ।

### अरुको नराम्रो मात्र सोच्ने

सहकारी क्षेत्रमा अहिले झनै खतरनाक प्रवृति देखिएको छ। त्यो के भने, हामीले जति राम्रो कसैले गरेको छैन भन्ने दावी गर्छन् सबै। आफ्नो गल्ती स्वीकार गरेर अगाडी बढ्न कोही तयार छैन । आफुले गरेको सबै राम्रो र अरुले गरेको सबै खराब भन्ने सोचका कारण अहिले समस्या झन् बल्झीएको छ । जसले जे जे गरेको भए पनि हामी सबैले के बुझ्न आवश्यक छ भने हामी यस क्षेत्रमा लागेका सबै एउटै राजमार्गमा यात्रा गर्दैछौं । तपाईलाई सुरक्षित ड्राइभिङ्ग आउँछ भन्दैमा तपाई दुर्घटनामा पर्नु हुन्न भन्ने छैन। अर्कोले आएर ठोकिदिएर पनि तपाई दुर्घटनामा पर्न सक्नु हुन्छ । त्यसैले होसियार हौं।

अब छिटोभन्दा छिटो सबै सरोकार वालाहरु एकजुट भएर अहिले देखिएका विकृतिहरु पन्छाउन र सहकारीको सुद्धिकरण अभियान थालनी गर्न ढिला गर्न हुँदैन। आफ्नो सहकारीमा कसैले ब्यक्तिगत स्वार्थको लागि प्रयोग गरिरहेको छ भने त्यस्ता ब्यक्तिलाई कार्वाही गर्न पछि पर्नु हुंदैन । एउटा कुहिएको आलुले संगै राखेको सबै आलुलाई कुहाउन सक्छ भन्ने भनाई नै छ । हामी एउटा सहकारीले अर्को सहकारीलाई शत्रु ठान्छौं र एक अर्काको कुरा काटेर बस्छौं अनि एक अर्कालाई डुवाउने खेल खेल्छौं अनि बैंकले हामी सहकारीलाई खान मात्र होईन निल्नै लागेको पत्ता पाउंदैनौं । हालको अवस्थामा बैंकले नैं १५ प्रतिशत ब्याज दिन थालेको अवस्थामा यसलाई टक्कर दिने तिर लाग्ने कि फेरी पनि सहकारीहरु आफैबिच द्वन्द गरेर बस्ने अब पनि हामीले आफुलाई सुधारेनौ भने हाम्रो विनासलाई कसैले रोक्न सक्दैन। हामी सहकारी सहकारी बिच सहकार्य गरी लगानीको क्षेत्रहरु पहिचान गरौं, हिजो बैंकले ३ प्रतिशत ब्याज दिंदा त सहकारीले १२ प्रतिशत ब्याज आफ्ना बचत कर्तालाई दिन सक्थ्यो भने अहिले अवस्य पनि बैंकले भन्दा बढी ब्याज हामी सहकारीले पनि दिन सक्छौं मात्र आवश्यक छ हामी सहकारीहरु बिच सहकार्य।







प्रत्येक बुधवाः कीर्तिपुरको सचित्र
**कीर्तिपुर सन्देश**
आइतवाः पतिकं नेपालभाषाया वाःपौ
**ज्वजलपा वाःपौ**
पढौं र पढाऔं/ब्वने व ब्वंके

# कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रको सातौं वार्षिक साधारण सभा सम्पन्न

कीर्तिपुर सन्देश/

२०६६ साल माघ १६ गते शहीद दिवसको अवसर पारी कीर्तिपुर नगर पालिका वडा नं.१७को कार्यालय भवनको माथि जनपोलिक्लिनिकको उद्घाटन गरी चर्चामा आएको कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रको सातौं वार्षिक साधारण सभा गत माघ २९ गते शनिवार सम्पन्न भयो ।

कीर्तिपुरको टाउनप्लानिंगस्थित आफ्नै निर्माणाधिन भवनमा अध्यक्ष हिराबहादुर महर्जनको सभापतित्वमा भएको उद्घाटन सत्रको कीर्तिपुर नगर पालिकाका कार्यकारी अधिकृत सुमन कुमार कार्कीले दीप प्रज्वलन गरि सभाको उद्घाटन गर्नु भएको थियो । उक्त सभामा विशेष अतिथी पूर्व राज्य मन्त्री दिलिप महर्जन, अन्य अतिथिहरुमा सल्लाहकारहरु ई.दुर्कमान महर्जन, शम्भुर ाम महर्जन, नानीबाबु विष्ट, राराहिल फाउण्डेशनका अध्यक्ष कृष्णवहादुर महर्जन, कीर्तिपुर अस्पतालका डा.बसन्त महर्जन, प्रा.डा. रामकृष्ण महर्जन, रुद्रवहादुर स्मृति प्रतिष्ठानका सरला श्रेष्ठ लगायतका हुनुहुन्थ्यो ।

संस्थाका सचिव सुजिन्द्र महर्जनले संचालन गर्नु भएको उक्त सभामा उपाध्यक्ष ई.मदन डंगोलले स्वागत मन्तव्यका साथै वार्षिक प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो ।




उहाँका अनुसार कीर्तिपुर भेगका जनताहरुलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने र स्वास्थ्य सेवा सम्बन्धि जनचेतना जगाउने अभिप्रायले स्थापना भएको त्यस संस्थाले जनरल हेल्थ चेक अप(१४४७ जना, मुटु रोग (रक्तचाप) हेल्थ चेक अप(५८१ जना, चर्म, यौन तथा कुष्ठरोग चेकअप(७५२ जना, अर्थोपेडिक हेल्थ चेकअप(८२२ जना, दाँत तथा मुख रोग सम्बन्धि(१७२९ जना, स्त्री तथा प्रसुती रोग सम्बन्धि( ११९ जना, नाक कान घाँटी सम्बन्धि( २२१ जना, फिजियोथेरापि (१११८ जना, सर्जिकल हेल्थ चेकअप( ४ जना, बालर ोग सम्बन्धि (८९९ जना, यु एस जि( २३२ जना, इको(५१३, ईसीजी( २७९ जनालाई सेवा पुऱ्याएको बताउनुभयो ।

शुभकामना मन्तव्य दिने क्रममा राराहिल फाउण्डेशनका अध्यक्ष कृष्णवहादुर महर्जनले राराहिल फाउण्डेशनले यस केन्द्रको सहकार्यमा महिला स्वास्थ्य तथा बालबालिकाको स्वास्थ्य सम्बन्धि काम गर्न सम्झौता भइसकेको बताउनु भयो ।

त्यस्तै सल्लाहकार शम्भुराम महर्जनले समुदायबाट संचालित यस केन्द्रलाई सबैले सक्दो सहयोग गर्नु पर्ने आवश्यक भएको र जनपोलिक्लिनिक सम्बन्धि प्रचार प्रसार व्यापक रुपमा गर्नु पर्ने सुझाव दिनुभयो ।

संस्थापक सल्लाहकार एवं पूर्व राज्यमन्त्री दिलिप महर्जनले केन्द्रले गरेको प्रगतिको प्रशंसा गर्नुहुँदै केन्द्रले ज्येष्ठ नागरिकहरुलाई मनोपरामर्श सेवा प्रदान गर्दै अहिले नीलकण्ठ अमात्यको अगुवाईमा बाघभैरव ज्येष्ठ नागरिक समाज केन्द्र स्थापना गरी योग सेवा प्रदान गर्दै आइरहेको र ज्येष्ठ नागरिकको सेवा गर्नको लागि त्रि.वि.सँग १० रोपनी जग्गा लिन लागेको बताउनुभयो ।

प्रमुख अतिथि सुमन कुमार कार्कीले समुदायबाट संचालित यस केन्द्रले औषधीमा समेत १० प्रतिशत छुट दिंदै आइरहेको सुन्दा साह्रै खुशी लाग्यो ।

यस केन्द्रलाई कीर्तिपुर नगर पालिकाले आफ्नो क्षमताले भ्याएसम्म हरेक वर्ष बजेट उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो ।

सभाको अन्तमा सभापतित्व गरिरहनु भएका हिराबहादुर महर्जनले समुदायको सहयोगमा संचालित यस केन्द्रको नयाँ भवन पुरा भएपछि मिनी अस्पतालको संचालन गर्ने योजना रहेको बताउनुभयो ।



# आगामी सन् २०१९ एशियन कप छनोटको अन्तिम चरणको सुरुवात



–नविन महर्जन–

आगामी सन् २०१९ एशियन कप छनोटको अन्तिम चरणको सुरुवात आगामी २८ मार्च अर्थात चैत्र १५ गते मंगलवार फिलिपिन्स सँगको खेलबाट गर्ने भएको छ।

अबुधाबीमा सम्पन्न ड्र अनुसार समूह 'एफ' मा नेपाल सहित फिलिपिन्स, ताजिकिस्तान र यमन रहेका छन।

एशियाली फुटवल महासंघ (एएफसी) का २४ सदस्य सहभागि अन्तिम चरको छनोट होम एण्ड आवेका आधारमा एक वर्ष चल्ने छ। नेपालले पहिलो खेल फिलिपिन्समा गएर खेल्ने छ भने दोस्रो खेल २०१३ जुन २०१७ मा यमन नेपाल आएर खेल्ने छ। त्यसैगरी ५ सेप्टेम्बर मा ताजिकिस्तानसँग पनि घरेलु मैदानमा खेलिने छ भने १० अक्टोवरमा ताजिकिस्तानमा गएर खेलिने छ। त्यसैगरी १४ नोभेम्बरमा घरेलु मैदानमा फिलिपिन्ससंग खेलिने छ भने अन्तिम खेल २७ मार्च २०१८ मा यमनमा गएर नेपाली टिमले खेलिने छ।

समुह एफ मा परेका नेपालका सम्पूर्ण प्रतिद्वन्द्वि बलिया छन तर नेपाली खेलाडीहरुले आफ्नो मनोवल उच्च राखी आफ्नो प्रदर्शन अबल गर्ने प्रयास गर्नुपर्दछ। घरेलु मैदानमा हुने खेलमा नेपालले अवश्य साहसपूर्ण खेल खेल्ने अपेक्षा गर्न सकिन्छ तर अवे खेलमा पनि रक्षात्मक खेल प्रदर्शन गरे नेपालले राम्रो नतिजा निकाल्न सकिन्छ।

अन्तिम चरणमा रहेको २४ टिमलाई ४/४ टिम राखी ६ समूहमा राखिएको छ। प्रत्येक समूहको शिर्ष दुई टिम एशियन कपमा छनोट हुनेछ। १७ औं संस्करणको यस प्रतियोगितामा ८ टिम बढाएर सहभागि संख्या २४ पुऱ्याएको हो। विश्वकप २०१८ मा एशियाली छनोटको अन्तिम चरणमा पुगेका १२ देशले यस अघिनै एसियन कपको यात्रा पक्का गरिसकेका छन। जस्मा डिफेन्डिङ्ग च्याम्पियन अष्ट्रेलिया, जापान, दक्षिण कोरिया, साउदि अरेबिया इरान, इराक, चीन, कत्तार, युएई आयोजक, उज्वेकिस्तान, थाइल्याण्ड र सिरिया रहेका छन

एशियन कप छनोट कपको अन्तिम चरणको ड्र अनुसार यसरी समूह विभाजन गरिएका छन।

समूह ए मा कीर्गिस्तान, भारत, म्यानमार र मकाऊ

समूह बी मा उत्तर कोरिया, हङकङ, लेबनान र मलेसिया

समूह सी जोर्डन, भियतनाम, कम्बोडिया, अफगानिस्तान

समूह डी भूटान ओमन प्यालेस्टाइन, माल्दिभ्स,

समूह ई तुर्कमेनिस्तान, चाइनिज ताइपेई, सिंगापुर, बहराइन,

समूह एफ नेपाल, यमन, फिलिपिन्स, ताजिकिस्तान रहेका छन।

# त्रिभुवन आर्मी क्लबलाई हराउँदै सिमरा गोल्डकप संकटाको हातमा




गत शनिवार संकटा क्लबले विभागीय टिम त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ४-२ गोलले हराउँदै सिमरा गोल्डकप उपाधी हात पारेको छ। विजयसँगै संकटाले नगद रु.५ लाख ५१ हजार, उपविजेता भई आर्मी क्लबले नगद रु.२ लाख ५० हजारमा चित्त बुझाउनु परेको छ।

निकै रोमान्चक र रोचक भएको फाइनल खेलको निर्धारित समयसम्म खेल १-१ को बराबरीमा सम्पन्न भएको थियो। टाइब्रेकरमा संकटाको तर्फबाट राज पौडेल, अनिल गुरुङ, अमित तामाङ्ग, कुलदीप कार्कीले गोल गरेका थिए। तर आर्मीको तर्फबाट सन्तोष तामाङ्ग र हिरण्य मगरले मात्र गोल गर्न सफल भएको थियो।

संकटाका गोल रक्षक विनय श्रेष्ठले उत्कृष्ट बचाऊ गरेको कारण संकटाले विजय हात पारेका थिए। यस प्रतियोगिताको म्यान अफ द म्याच संकटाका अमित तामाङ भए। सर्वोत्कृष्ट खेलाडी संकटाका गोलरक्षक विनय श्रेष्ठ भए। साथै उनी उत्कृष्ट मिडफिल्डमा आर्मीकै सन्तोष तामाङ, उत्कृष्ट फरवार्डमा संकटाका अनिल गुरुङ, उत्कृष्ट प्रशिक्षकमा संकटाका सल्यान खड्का घोषित भएका थिए।


## सुचं ! सुचं !! सुचं !!

**ज्यापु महागुथि किपू नगर समितिया ग्वसालय् नेपालभाषा साहित्य गोष्ठी जुइत्यंगु दु।**

साहित्य गोष्ठी जुइगु दिं
ने.सं.११३७ चिल्लाथ्व पारु (फागुन १६गते सोमवा:
ई : सुथसिया ११ ता: इलय्
थाय् : मङ्गल उ.मा.वि. नयाँबजार, किपू-३
च्वसू : चिनाखं, बाखं, चिबाखं, हाइकू, गजल, च्वखं न्ह्यागु नं बिया दीफइ।
च्वसू बिइगु थाय्:
मिलन स्टूडियो अमल्सि, (रामभक्त महर्जन)
बाघभैरव आयुर्बेदिक वास: पस: (कुलबहादुर) त:ग:वपि,
पांगा बुक्स एण्ड स्टेसनरी, ध्वाखासी पांगा
ग्वाहालिमि : पद्मिनी ज्वेलर्स, त:ग:वपि, किपू
संयोजक : अर्जुन महर्जन 'नेपा:मि'



## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७४ को लागि प्ले-ग्रुप (नर्सरी तयारी कक्षा) मा नयाँ भर्ना खुल्यो।

H T H S S
HILL-TOWN HIGHER SECONDARY SCHOOL 1993 KIRTIPUR

**तुरुन्त सम्पर्क गर्नुहोस्।**

फोन नं.: ४३३१७३९, ४३३१४०७

## पत्रकार दबूले चैत्र ४ गते स्थानपना दिवस मनाउने

नेवा: पत्रकारहरुको राष्ट्रिय संगठन नेवा: पत्रकार राष्ट्रिय दबूले आफ्नो स्थापना दिवस आउदो चैत्र ४ गते मनाउने भएको छ। नेवा: पत्रकार राष्ट्रिय दबू स्थापना भएको दिनलाई तिथिको आधार मा सो दिन स्थापना दिवस मनाउन निर्णय गरेको हो।

नेवा: पत्रकार रीष्ट्रिय दबू नेपाल संवत ११३२ चिल्लगा पञ्चमीको दिनमा पहिलो नेवा: पत्रकार राष्ट्रिय सम्मेलन गरि स्थापना भएको कारणले सो दिनमा स्थानपना दिवस मनाउन लागेको हो। दबूले यसपालि पहिलो पटक स्थापना दिवस मनाउन लागेको हो। मध्यपुर ठिमीमा केहि दिन अघिमात्र बसेको केन्द्रीय सचिवालयको बैठकले सो निर्णय गरेको हो। पत्रकार दबूले संचालन गर्दै आएको संगठन सुदृढिकण अभियानलाई निरन्तरता दिने समेत निर्णय गरेको छ। त्यसै गरि बैशाख ११ गते भित्रमा जिल्ला जिल्लामा बार्षिक भेला र केन्द्रीय स्तरमा समेत बार्षिक भेला गर्ने निर्णय गरेको छ।

त्यसै गरि नेवा: पत्रकार राष्ट्रिय दबूले नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ रहेको कुरा बहसमा लाने र त्यसका लागि विभिन्न कार्यक्रम गर्ने समेत तयारी गरेको छ। पत्रकार महासंघले कांग्रेसका नेता कृष्णप्रसाद भट्राईलाई नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष मान्दै आएको अस्थामा इतिहासलाई लुकाउन नपाउने भनी दबूले संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ भएको कुरालाई स्थापित गर्न विभिन्न कार्यक्रम गर्न लागेको दबूले बताएको छ।

## सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठलाई पत्रकार दबूका अध्यक्ष महर्जनको सम्मान



मुलुक र जनताको बृहत्तर हित, मुलुकको समग्र शान्ति सुर क्षा, सशस्त्र प्रहरीको पेशागत र व्यावसायिक विकासका लागि हालै नवनियुक्त सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठको कार्यकाल सफल होस् भन्ने कामना गर्दै २०७३ फाल्गुण ३ गते बुधबार बिहान नेवा: पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले खादा ओढाई सम्मान गर्नु भएको छ।

बुधवार श्रेष्ठकै निवासमा पुगी सम्मान गरेको थियो। कार्यक्रममा दबूका महासचिव सुनिल महर्जन पनि सहभागी हुनु भएको थियो। महानिरक्षक श्रेष्ठसंग नेवा: पत्रकारहरुसंग परिचात्मक कार्यक्रम गर्ने बारेमा छलफल भएको थियो।




लगानीको नयाँ क्षेत्र

? ? ? ?

सहकारी, संघसंस्था तथा लगानीकर्ताहरुका लागि................

MUKTINATH INVESTMENT PVT. LTD.

Battisputali-9, Kathmandu, Nepal.(Head Office)
Phone No. 01-4485894 Mobile No: 9801078318
Tanglafat, Kirtipur (Branch)
Email: muktinathinvestment@gmail.com, http://www.www.muktinathinvestment.com

# पिदंगु दु स्वंगू सफू

उपन्यास
थ्वया च्वंगु सः
न्वचू, उद्‌घोषण व एफ एम
संचालन कला नासः
चिनाखँ मुना ईब्य:या चिनाखँ




नजरराम महर्जनया
भिंछगूगु उपन्यास
'थ्वयाच्वंगु सः'
मू
निसः तका जक




श्रीकृष्ण महर्जनया
न्यागुगु सफू
'नासः'
मू
न्यय् तका जक




नाति महर्जनया
न्हापांगु सफू
'ईब्य:या चिनाखँ'
मू
सच्छि तका जक

थ:गु प्रति सुरक्षित यानादिसँ न्हि स्वापू

४३३३००७, ९८४१४०१०७७


## के तपाई मोटोपनबाट चिन्तित हुनु हुन्छ, अब चिन्ता नमान्नुहोस्

# LOSE WEIGHT WITHOUT DIET OR EXERCISE

## भुइँस्याउ





- ★ सेवनकर्ताको मेटाबलिज्म (पाचनक्रिया) मा तत्काल परिवर्तन हुने ।
- ★ उच्च फाइबरको मात्रा हुने ।
- ★ कोलेस्ट्रोल र मधुमेहलाई सन्तुलनमा राख्ने ।
- ★ शरीरमा जम्मा भएको बोसोलाई शक्तिमा परिवर्तन गर्ने ।
- ★ मोटोपन घटाउनका लागि खानपिनमा सुधार तथा व्यायाम गर्नु नपर्ने ।
- ★ पाचन शक्तिमा सुधार हुने ।
- ★ रोग प्रतिरोधात्मक शक्तिको क्षमता बृद्धि हुने ।
- ★ प्राकृति रूपमा FOS प्राप्त हुने ।

अन्य विभिन्न प्रकारका फलफुल, विउ विजक र विरुवाहरुको लागि सम्झनुहोस्

## धौलागिरी नेचुरल फुड्स एण्ड हर्वस् प्रा. लि.

कीर्तिपुर, टयाङ्ला काठमाडौं । फोन नं. : ०१-४३३०३०५, ९८५१२१०४६३
dhaulagiriherbs@gmail.com
groundapplenepal dhaulagiriherbs





पांगाया विष्णुदेवी
वालकुमारी जात्रा

## बजारय् वये धुंकूगु दु
## थ:गु प्रति सुरक्षित यानादिसँ

स्वापू निर्तिं मेमेगु फोन नम्बर: ४३३४०१३, ९८४१७५२५८३, ९८४६०४६१२३९




बखुमद: जात्रा
न्हयुगां जात्रा

# मङ्गल स्कुलमा विदाई, सम्मान, बधाई तथा पुरस्कार वितरण कार्यक्रम









कीर्तिपुर सन्देश /

कीर्तिपुरको नयाब्जारस्थित सामुदायिक विद्यालय मङ्गल उच्च मा.वि.र मङ्गल बहुमुखि क्याम्पसले प्लस टु र स्नातक पास गरेका आफ्ना विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच सम्मान, बधाई तथा पुरस्कार वितरण गरी विदाई दिइयो ।

गत माघ २९ गते शनिवार मङ्गल बहुमुखी क्याम्पसका अध्यक्ष प्रा.डा.शिवशरण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि सांसद राजेन्द्र कुमार के.सी.हुनुहुन्थ्यो अन्य अतिथिहरुमा विद्यालय निरिक्षक मोतिराज खनाल, कि.न.पा.बाट सानुबाबु परियार, क्याम्पस प्रमुख प्रदीप महर्जन, नि.प्राचार्य लोकलाल महर्जन, वि.व्य.स.अध्यक्ष अमन महर्जन, विभिन्न पुरस्कारका दाताहरु र विभिन्न राजनैतिक पाटीका प्रतिनिधिहरुको उपस्थिति रहेका थिए । स्वागत मन्तव्य नि.प्राचार्य लोकलाल महर्जन र विद्यार्थीहरुको तर्फबाट कक्षा १२ कि प्रियङ्का ताजपुरियाले स्वागत मन्तव्य दिनुभएको थियो । प्रगति विवरण क्याम्पस प्रमुख प्रदीप महर्जनले दिनु भएको थियो । उहाँका अनुसार स्नातक तहमा त्रि.वि.बाट नतिजा प्रकाशित गर्दा १८% पास भएको नतिजा प्रकाशित हुँदा त्यस क्याम्पसका विद्यार्थीहरु बीबीएसमा ४५% प्रतिशत र बी.एडमा ७५% प्रतिशत पास भएको जानकारी दिनुभयो । २०५७ सालमा राष्ट्रिय पुरस्कार प्राप्त गरेको पनि बताउनु भयो । विद्यालय निरिक्षक मोतिराज खनालले विद्यार्थीहरुलाई पुरस्कृत गर्नु भनेको उनीहरुलाई अझ पढ्न प्रेरणा दिनु हो भन्नुभयो । त्यसपछि विभिन्न खेलकुदमा विजयी विद्यार्थी तथा तहलाई पुरस्कार दिइएको थियो । जसमा लङ्गजम्प, शटपुट, क्रसक्रन्टि, १०० मिटर दौड, भलिबल, बास्केटवल, टेबलटेनिस, फुटसल लगायत खेलमा प्रथम, द्वितिय भएका विद्यार्थीहरुलाई विभिन्न राजनैतिक दलका प्रतिनिधि अतिथिहरुले पुरस्कार तथा मेडल प्रदान गर्नु भएको थियो । त्यसपछि कक्षा ११ का विद्यार्थीहरु लाई वि.व्य.स.का अध्यक्ष अमन महर्जन, र स्नातक तहकालाई क्याम्पस व्य.स.का अध्यक्ष प्रा.डा.शिवशरण महर्जनले छात्रबृत्ति वितरण गर्नुभयो ।

१. ज्ञान नगद पुरस्कार कक्षा १२ शिक्षा संकायमा सर्वोत्कृष्ट अंक ल्याउने सोनाम महर्जनलाई दता ज्ञानुराजा महर्जनले २.टीका नगद पुरस्कार कक्षा १२ शिक्षा संकायमा प्रथम ल्याउने सोनाम महर्जनलाई दाता टिकारम महर्जनले ३.पूर्णलाल नगद पुरस्कार कक्षा १२ शिक्षा संकायमा प्रथम सोनाम महर्जन तथा व्यवस्थापन संकायतर्फ अक्षय कुमार बलामी, श्रवण चौधरीलाई दाता प्रा.डा. शिवशरण महर्जनले, ४.स्व.सन्तवहादुर महर्जन पुरस्कार कक्षा ११ जनसंख्यामा सर्वोत्कृष्ट अंक ल्याउने अलिसा महर्जनलाई श्रीमती नानीशोभा महर्जनले, ५.सिटौला पुरस्कार कक्षा ११मा अनिवार्य अंग्रेजी विषयमा सर्वोत्कृष्ट दिपिका महर्जनलाई दाता खेमनाथ सिटौलाले, ६.रत्नवहादुर स्नातक पुरस्कार स्नातक तह शिक्षा शास्ततर्फ सर्वोकृष्ट विनिता पौडेललाई, ७ रत्नभाई पुरस्कार स्नातक शिक्षा शास्त्रतर्फका विनिता पौडेलाई रत्नभाई महर्जनले, ८.कृष्ण हिरा पुरस्कार कक्षा १२ मा स्वास्थ्य शिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने सोनाम महर्जन, स्नातक तहमा स्वास्थ्य शिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने विष्णा कुमारी थापालाई दाता पूर्णवहादुर महर्जनले, ९. विद्यानन्द स्मृति पुरस्कार शिक्षा र व्यवस्थापन संकायमा सर्वोत्कृष्ट अंक ल्याउने विनिता पौडेललाई दाता अभिनन्द जोशीले र १०. ओम पदक क्याम्पस संयोजक सिद्धिवहादुर महर्जनले कक्षा १२ मा सर्वोकृष्ट अंक ल्याउने अक्षय कुमार र श्रवण चौधरीलाई प्रदान गर्नु भएको थियो । आफ्नो मन्तव्य राख्ने क्रममा प्रमुख अतिथि सांसद राजेन्द्र कुमार के.सी.ले शिक्षा व्यावहारिक र व्यावसायिक मुलक हुनुपर्ने सुझाव दिनुभयो ।

मङ्गलको प्रगति कीर्तिपुरको गौरव भएकोले आफूले सकेको सहयोग गर्ने बचन दिनुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रतिनिधि बरिष्ठ लेखा अधिकृत सानुबाबु परियारले की.न.पा.ले मङ्गल स्कुलको भौतिक र शैक्षिक विकासमा सक्दो सहयोग गर्दै आइरहेको बताउँदै आगामि दिनमा पनि सो सहयोग निरन्तर हुने बताउनु भयो ।

नेपाल सरकार

## कृषि विकास मन्त्रालय

### व्यावसायिक कृषि तथा व्यापार आयोजना

सल्लाघारी, महाराजगंग, काठमाडौं

विश्व वैंकको ऋण तथा अनुदान सहयोगमा सञ्चालित व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) हार्द आठौं वर्षमा संचालित छ। आयोजनाको म्याद २०७५ साल असार १५ गते तद्नुसार जुन ३० २०१८ मा समाप्त हुँदैछ। आयोजनाको हालसम्मको अवस्था तपसिल बमोजिम रहेको छ।

१) शुरु अवधि (सन २००९) मा आयोजनाको पहुँच २५ जिल्लामा मात्र सिमित रहेकोमा सन् २०१६ मा ६१ जिल्लामा विस्तार भएको छ।

२) आयोजनाबाट प्रतिस्पर्धात्मक पद्धतीद्वारा मागमा आधारित प्रस्तावहरुमा पुरक अनुदान (Competative Maching Grant) मार्फत संचालित १३१८ वटा उपआयोजनाहरु मध्ये ५६३ उपआयोजनाहरु सम्पन्न भएका छन् भने ७५५ उपआयोजनाहरु संचालनको विभिन्न चरणमा रहेका छन्।

३) आयोजनाले ४०६ वटा सहकारी संस्था, ४०८ वटा कृषक समूह, ४८२ वटा निजी फर्म, १२ वटा उत्पादक संस्था मार्फत उपआयोजनाहरु संचालन गरिएको छ।

४) आयोजनाबाट हालसम्म ९३३९२ जना कृषक, उद्यमीहरु प्रत्यक्ष लाभान्वित भएका छन्।

५) आयोजनाबाट कृषि वस्तुको बजार प्रबर्द्धन गर्न झापाको दमक, विराटनगरको कटहरी, धनुषाको महेन्द्रनगर, रुपन्देहीको बुटवलमा क्षेत्रियस्तरको कृषि/पशु सेवा थोक बजार निर्माण गरिदैछ भने काठमाडौंको चोभारमा अत्याधुनिक सुविधा सम्पन्न फलफूल तथा पुष्पथोक बजार निर्माणको क्रममा रहेको छ।

६) नेपालमा उत्पादन भएका कृषि वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा पहुँच पुऱ्याउन कृषि वस्तुको स्वच्छता सम्बन्धी मापदण्ड पुऱ्याउन कीर्तिपुरमा (Fumigation Chamber) निर्माण गरिदै छ।

७) भूकम्पबाट अति प्रभावित १० जिल्लारुमा कृषि तथा पशुसो सुचारु गर्न ति जिल्लाहरुको १० स्थानमा कृषि/पशुसो निर्माण गरिदै छ।

८) आयोजनाबाट संचालित कार्यक्रमहरु पारदर्शी बनाउन र ति कार्यहरुमा कसैको कोहिप्रति गुनासो व्यास्थापन, कार्यविधि, २०७३ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। कृषि विकास मन्त्रालय अन्तर्गतका आयोजनाहरुमा यो प्रयोजन नौलो हो।

९) आयोजनाको पुरक अनुदानमा संचालित मासु तथा मासुजन्य दुग्ध तथा दुग्धजन्य तथा अन्य खाद्यजन्य उद्योगहरुलाई नेपाल सरकारले तोकेको मापदण्डको परिधि भित्र ल्याई ती उद्योगहरुलाई खाद्य ऐन बमोजिम सम्बन्धीत विभागबाट Food Licence उपलब्ध गराउन पहल भइरहेको छ।

१०) आयोजनाको लगानीमा कृषि व्यवसाय प्रवर्द्धन केन्द्र (ABIC) को स्थापना कार्य सुरु भइसकेको छ। जसबाट कृषि उद्यमीहरुले आफ्ना उद्योगहरु प्रबर्द्धन गर्न प्राविधिक आर्थिक तथा व्यवसायबाट सेवा, सुझाव तथा सल्लाहहरु एकै थलोबाट प्राप्त गर्नेछन्।

११) आयोजनाबाट सञ्चालित कार्यहरुबाट वातावरणमा पर्नसक्ने प्रतिकुल प्रभावलाई रोक्न तथा न्यून गर्न आयोजनाले प्रत्येक संरचनामा वातावरणीय सुरक्षा पद्धतिलाई प्राथमिकताका साथ अवलम्बन गरेको छ।

पुनश्चः

आयोजनाको म्याद २०७५ साल असार १५ गते समाप्त हुने र अझै पनि कतिपय कार्यहरु कार्यान्वयनको विभिन्न चरणमा रहेकोले आयोजनाको समाप्ती पछि कुनै पनि अधुरो कार्यहरुको जिम्मेवारी कसैले पनि लिन नसक्ने भएकाले निम्न तालिकामा उल्लेख गरिएको समयभित्रै सम्झौता बमोजिम किस्ता भुक्तानी लिने र आफुले लिएको आयोजनाहरु सम्पन्न गर्नेतर्फ सबैको ध्यान केन्द्रित हुन यसैसाथ अनुरोध गरिन्छ।

| आव्हान विवरण | किस्ता भुक्तानी लिने समय सिमा | अन्तिम किस्ता भुक्तानी तथा उपआयोजना सम्पन्न गर्ने समय सिमा |
|---|---|---|
| तेस्रो आह्वान अन्तर्गतका उपआयोजनाहरु | दोस्रो किस्ता २०७३ साल फाल्गुन १७ गते भित्र | २०७४ असार १६ गतेभित्र |
| चौथो आह्वान अन्तर्गतका उपआयोजनाहरु | पहिलो किस्ता २०७४ जेष्ठ ३१ गतेभित्र | २०७४ पौषा १६ गतेभित्र |
| लघु अनुदान अन्तर्गतका उपआयोजनाहरु | | २०७३ असार १६ गतेभित्र |
| अन्य निर्माण कार्यहरु सेवा केन्द्र क्षेत्रिय तथा केन्द्रीय कृषि थोक बजारहरु | | सम्झौतामा उल्लेख भएका समयमा सम्पन्न गर्ने निणय अनुसार |

# अस्वीकृत विचार साहित्य पुरस्कार तथा सम्मान ०७३/७४ को घोषणा

अस्वीकृत विचार(साहित्य गुठी, काठमाडौंले ०७३/७४ सालको अस्वीकृत विचार(साहित्य पुरस्कार र अस्वीकृत विचार( साहित्य सम्मान घोषणा गरेको छ। तदनुसार अस्वीकृत विचार (साहित्य पुरस्कार साहित्यकार श्री सुरेन्द्र लिम्बू परदेशी हाल ( भारत) लाई र अस्वीकृत विचार (साहित्य सम्मान वरिष्ठ साहित्यकारद्वय श्री कृष्णप्रकाश श्रेष्ठ (मास्को, रुस) र प्रा.डा. कविता लामा (सिक्किम, भारत) लाई प्रदान गर्ने निर्णय गरेको छ ।

उक्त पुरस्कार तथा सम्मान वितरण कार्यक्रम २०७३ साल फाल्गुन ७ गते स्वर्ण शिक्षा इ.मा.वि. गोकर्णमा हुने भएको छ । साहित्यकार श्री सुरेन्द्र लिम्बू परदेशी मादी न.पा. १३ फाबिङ, संखुवासभा, नेपालमा जन्मनु भई हाल भारतमा कार्यरत हुनुहुन्छ। उहाँका अधुरो जीवन (उपन्यास) र परदेशीको चुनौति (कथा संग्रह) साथै १४० जति फुटकर रचनाहरु प्रकाशित छन् । उहाँले अपराधी को हो ?, तिम्रै लागि, र बसन्त ऋतु नामक चलचित्रमा अभिनय गरेका छन् । उहाँले नेपालमा तङसिङ (त्रैमासिक ०५४(५६) र सुनौलो प्रभात ( अर्धवार्षिक ०५७(५९) सम्पादन गर्नुभएको थियो भने भारतमा अस्ताएको जुन (विविध रचना संग्रह, २०६४) र परदेशी बिम्बहरु.. साहित्यिक वार्षिक ( २०६५ देखि हाल नवौं अंकसम्म) सम्पादन गरिरहनु भएको छ । हाल उहाँ 'अन्तर्राष्ट्रिय परदेशी साहित्यिक समूह'का अध्यक्ष तथा 'विश्व नेपाली साहित्य महासंघ' विश्व केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ। वरिष्ठ सर्जक श्री कृष्णप्रकाश श्रेष्ठ १९९४ मा थानकोट, काठमाडौंमा जन्मनु भई हाल मास्को, रुसमा स्थापित हुनुहुन्छ। पेशाले पत्रकार, अनुवादक श्रेष्ठका सहित्यिक विधा समालोचना, नियात्रा संस्मरण, कविता, भाषानुबाद रही आएको छ। १९६१ मा रुसमा किरण ( प्रथम नेपाली भाषा पत्रिका) को सम्पादनबाट सुरु भएको उहाँको सृजनशीलता १९६२ देखि रुसी भाषामा मौलिक रचनाका साथै नेपालभाषा साहित्यको रुसी भाषामा अनुवाद र १९६८ देखि रुसी भाषाका कृतिहरु नेपालीमा अनुबादमा झाँगिन थालेको थियो। हालसम्म उहाँका नेपाली भाषाका मौलिक कृति ८, रुसी भाषाका मौलिक कृति ६, रुसी भाषाबाट नेपालीमा अनुबाद ९, नेपालीबाट रुसी भाषामा अनुबाद १३, संस्कृतबाट नेपाल भाषामा अनुबाद १ र रुसी भाषाबाट हिन्दीमा अनुबाद १ प्रकाशित कृतिहरु छन् । हालसम्म उहाँले जगदम्बा श्री( २०५९ समेत १२ वटा सम्मान पत्र, कदरपत्र र पदकहरु प्राप्त गर्नुभएको छ ।

वरिष्ठ सर्जक प्रा.डा. कविता लामा १९६५ मा खर्साङ, भारतमा जन्मनु भई हाल सिक्किम विश्वविद्यालयका सहप्राध्यपक तथा लेपाली विभाग प्रमूखका रुपमा सिक्किम, भारतमा कार्यरत हुनुहुन्छ। पेशाले प्रा.डा. लामाका सहित्यिक विधा समालोचना र कविता हो भने विशेष दखल र रुची नेपाली साहित्य तर्फको शोध, लैङ्गिक अध्ययन, र बाल साहित्य रहिआएको छ। नेपाली र अंग्रेजी पत्रपत्रिका, पुस्तक र जर्नलका सम्पादनका साथै आमन्त्रित विज्ञको रुपमा देश विदेशमा कार्यपत्र तथा प्रवचन पेश गर्नु हुने प्रा.डा. लामाका हालसम्म ४ पुस्तक र सहलेखनमा १ पुस्तक प्रकाशित छन् । उहाँका पुस्तक तथा कृतिहरु भारतका विभिन्न विद्यालय तथा विश्वविद्यालयहरुमा सँन्दर्भ सामग्रीको रुपमा समावेश छन्। हालसम्म उहाँले २० वटा राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न पुरस्कार र सम्मानहरु पाउनु भएको छ । विज्ञानसम्मत सिर्जनात्मक र जीवनवादी मौलिक साहित्य श्रृजना गर्ने क्रममा तत्कालिन स्थापित मूल्य र मान्यताहरूका कसीमा उपेक्षित रही ओझेलमा परेका गतिबादी साहित्यकारहरूका अभिष्टमा टेवा पुऱ्याउने उद्देश्यले ०५४ सालमा स्थापित यस गुठीले नयाँ आयामको खोजी गर्ने प्रगतिउन्मूख विचारहरूलाई प्रतिपादन गर्ने वा त्यस्ता बिचारहरूको सृजनात्मक प्रयोग गर्ने एकजनालाई हरेक बर्ष सम्मान ताम्रपत्र समेत रु. १२,००० (बाह्र हजार) को अस्वीकृत विचार(साहित्य पुरस्कार प्रदान गर्दै आएको छ। साथै नेपाली साहित्य सम्बन्धी उल्लेखनीय सम्बर्द्धन र प्रवर्द्धनको कार्य गर्ने विशिष्ठ व्यक्तिलाई उहाँहरूका योगदानको कदर गरी अस्वीकृत विचार(साहित्य सम्मान प्रदान गर्दै आएको छ। ०२६ सालदेखि आन्दोलित अस्वीकृत जमातका "अस्वीकृत साहित्य" आन्दोलनको नाममा स्थापित यस पुरस्कारको स्थापना त्यसै आन्दोलनका प्रणेता डा. कविताराम श्रेष्ठले ०५४ सालमा आफूले आर्जन गरेका सम्पूर्ण लेखकीय पारश्रमिक र पुरस्कारका रकमबाट अक्षयकोष खडा गरी गर्नु भएको हो । गुठीका संस्थापक प्रवन्ध समितिमा अध्यक्ष स्व. श्री कृष्णचन्द्र सिंह प्रधान, सदस्य सचिब श्री नगेन्द्रराज शर्मा, कोषाध्यक्ष श्री बालकुमारी श्रेष्ठ, र सदस्यहरूमा श्री गोविन्द भट्ट, डा. अभि सुवेदी, श्री नारायण ढकाल, श्री सोमनाथ घिमिरे, अमर कुमार प्रधान हुनुहुन्थ्यो ।

नगेन्द्र शर्मा, अध्यक्ष, अस्वीकृत विचार(साहित्य पुरस्कार गुठी अनामनगर,


**ज्वजलपा वाःपतिइ छ्गिू चिनाखँ/बाखं/हाइकू विज्ञापन व मेमेगु च्वसू पिथनेगु जूसा जिमित स्वापू तयादिसँ**

*सकलसिगु मंकाः सः*

ज्याकू: **निखासी त्वा: किपू नपा-३ फोन ल्या: ४३३३००७, ९८०८६२६४२० ई-मेल :** kirtipur_sandesh@live.com


# ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगामा भ्यालेन्टाइन डे मनाइयो



ईश्वी सम्वतको दोस्रो महिनाको १४ तारिख अर्थात फेब्रुअरी १४ तारिखलाई भ्यालेन्टाइन डे अर्थात प्रणय दिवसको रुपमा मनाइन्छ। यो दिवस नेपालमा पनि मनाउने हरेक साल बढ्दै गइरहेको छ । यसै सन्दर्भमा गत फागुण ३ गते मंगलवारको दिन नवलपरासी रामग्राम लियो क्लबले पाँगास्थित ज्येष्ठ नागरिक सेवा केन्द्रमा आई भ्यालेन्टाईन डे मनाईयो ।

उक्त कार्यक्रममा सबै ज्येष्ठ नागरिकहरुलाई खादा ओढाई सम्मान गरी जलपान पनि गराइएको थियो । उक्त अवसरमा लियो क्लबले ज्येष्ठ नागरिक सेवा केन्दंलाई मादल, झ्याली, धा: र खिजडी पनि उपहार स्वरुप प्रदान गरिएको थियो । उक्त कार्यक्रममा प्रायोजक रबिन्द्र पन्तले प्रणय दिवस भनेको तरुण तरुणीहरुले मात्र मायाको साटासाट गर्ने होइन, अहिलेको व्यस्त जीवनमा छोरा छोरीले आमा बाबुलाई माया गर्नुपर्छ । आमा बुबासँग माया साट्नकै लागि आज हामी यहाँ आएका हौं भन्नुभयो । त्यसको जवाफमा केन्द्रका अध्यक्ष दुर्गा कुमारी महर्जनले सेवा भावनाले संचालित यस केन्द्रले सबैको सहयोगको अपेक्षा राखेको छ । तपाईंहरु नवलपरासीदेखि यहाँसम्म आउनु भई हाम्रा ज्येष्ठ नागरिहरुलाई सम्मान गर्नुभयो, जलपान गराउनु भयो । यसबाट ज्येष्ठ नागरिकहरुको सेवा गर्न हामीलाई हौसला प्रदान गर्नुभएको छ। तपाईंहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। पछि पछि पनि यस्तै सहयोग पाइरहने अपेक्षा राखेको छु भन्नुभयो ।

कार्यक्रममा ज्येष्ठ नागरिक क्लबका अध्यक्ष एवं सल्लाहकार इन्द्रमान महर्जनले पनि मन्तव्य राख्नु भएको थियो। कार्यक्रम ज्येष्ठ नागरिक क्लबका सचिव एवं केन्द्रका सल्लाहकार अर्जुन महर्जनले संचालन गर्नुभएको थियो ।


**६४ औं विश्व कुष्ठरोग दिवस**

**"समयमा नै कुष्ठरोगको उपचार गरौं, अपाङ्ग हुनबाट बचौं"**

– छालामा नचिलाउने, छुँदा थाहा नहुने, फुस्रो वा रातो दाग र अनुहारको छाला, कानको लोती बाक्लो भएमा कुष्ठरोगको लक्षण तथा चिन्ह हुनसक्छ । तुरुन्त स्वास्थ्य संस्थामा गई जचाऔं ।

–समयमै र नियमित उपचार गरे कुष्ठरोग पूर्ण रुपमा निको हुन्छ, अपांगता हुँदैन साथै उपचार गरेका व्यक्तिबाट अन्य स्वस्थ व्यक्तिमा सर्दैन ।

– स्वास्थ्य संस्थाहरुमा यस रोगको निशुल्क उपचार गरिन्छ ।

–कुष्ठरोगको नियमित उपचार पुरा गरेपछि रु.१०००।-(एक हजार) र रोगबाट हुने जटिलताको उपचार गर्न प्रेषण अस्पतालमा भर्ना हुने प्रभावितलाई थप रु.१०००।-(एक हजार) यातायात खर्च नेपाल सरकारबाट उपलब्ध छ ।

–विरामी तथा प्रभावितलाई सहयोगी सामग्री (सुरक्षित जुत्ता, चश्मा, बैशाखी, ह्विल चियर) आदि निशुल्क उपलब्ध छ ।

एक मात्रा औषधि सेवनमै ९९.९% कीटाणु निष्क्रिय भई रोग अरुलाई सर्दैन ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
कुष्ठरोग नियन्त्रण महाशाखा
टेकु, काठमाडौं ।

# मेगस स्कुलमा अभिभावक दिवस २०७३ सम्पन्न




**कीर्तिपुर सन्देश/**

कीर्तिपुरको नयाँबजारमा संचालित निजी विद्यालय मेगस ईङ्गलिस स्कुलले हरेक वर्ष मनाउँदै आइरहेको अभिभावक दिवस(२०७३ गत माघ २९ गते शनिवार बाघभैरव बैंक्वेटमा सम्पन्न गरेको छ ।

स्कुलका निर्देशक राजकुमार नकर्मिको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रमको प्रमुख अतिथि की.न.पा.का बरिष्ठ लेखा अधिकृत सानुबाबु परियारले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो । अन्य अतिथिहरुमा विद्यालय संचालकहरु मिलन मान महर्जन, सुरेश श्रेष्ठ, रमेश श्रेष्ठ, र ेणुलाल श्रेष्ठ, अमरकाजी श्रेष्ठ र प्रिन्सिपल दिनेश शाह हुनुहुन्थ्यो ।

कक्षा ९ की विद्यार्थी अभिना महर्जनले स्वागत मन्तव्य दिनुभएको थियो । त्यस्तै कक्षा ५ का ३ जना विद्यार्थीहरुले कुमारी नाचद्वारा स्वागत गरिएका थिए । त्यस्तै कक्षा ६, ७ र ८का विद्यार्थीहरुले समुह गानद्वारा स्वागत गरिएका थिए ।

त्यस विद्यालयबाट हरेक कक्षाबाट पहिलो, दोस्रो र तेश्रो हुने विद्यार्थीहरुलाई स्कुल बोर्डका सदस्यहरुले पुरस्कार वितरण गरिएका थिए ।

आफ्ना नानीहरुको विभिन्न सांस्कृतिक कार्यक्रमहरु हेर्न अभिभावकहरुले सभा हल भरिएका थिए । प्रत्येक कक्षाका विद्यार्थीहरुले अलग्ग अलग्ग सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएका थिए ।

# रामशेखर नकर्मीको सहयोगको लागि सहयोग समिति गठन

नेपालभाषाका सुप्रसिद्ध साहित्यकार, कलाकार को साथै निर्देशक रामशेखर न:कर्मि क्यान्सर पिडित भै क्यान्सर अस्पतालमा भर्ना हुनु भएको छ। उहाँको सुस्वास्थ्यको कामनाको साथै उहाँको उपचारमा सहयोग गर्न गत सोमबार नेवा: जागर ण मञ्चले एक कार्यक्रम गरिएको थियो ।

उक्त कार्यक्रममा सांसद भिमसेनदास प्रधान, नेवा: अगुवा मल्ल के सुन्दर, प्रा.डा. चुन्दा बज्राचार्यको विशेष उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमले निरञ्जन रत्न शाक्यको संयोजकत्वमा रामशेखर सहयोग समिति गठन गरिएको हो । उक्त समितिमा राजेन्द्रमान शाक्य, सुजीव बज्राचार्य, विजयरत्न असंबरे, अमृत ताम्राकार, सुरेन्द्र तुलाधर र शैलेश शाक्य बरे सदस्यको रुपमा रहनु भएको छ । सल्लाहकारको रुपमा सांसद भिमसेन दास प्रधान, मल्ल के सुन्दर, प्रा.डा. चुन्दा बज्राचार्य रहनु भएको छ । सोही दिन कार्यक्रमस्थलमा एक लाख रुपैया सहयोग स्वरुप उठेको थियो । रामशेखर नक:मिलाई नेपाल सरकारबाट सहयोग जुटाउनको लागि सांसद भिमसेनदास प्रधान र शैलेस शाक्य बरेजुलाई जिम्मा दिइएको छ । त्यस्तै रामशेखरले लेख्नु भएको हास्यव्यंग प्रदर्शन गरी उहाँको साहित्यिक व्यक्तित्व प्रदर्शन गर्ने र आर्थिक संकलन गर्ने जिम्मा र ाजेन्द्रमान शाक्य, विजयरत्न असंबरे र सुरेद्र तुलाधर लाई जिम्मा दिइएको छ ।

आर्थिक सहयोग संकलन गर्नको लागि निर ञ्जनरत्न शाक्यलाई संयोजकको जिम्मा दिइएको छ । रामशेखर नक:मिलाई सहयोग गर्न चाहनु हुने संघसंस्था र व्यक्तिहरुले मोबाईल नम्बर ९८६०६६१३८० मा सम्पर्क राखी सहयोग गर्न सकिने सहयोग समितिले जानकारी दिइएको छ ।

साहित्य

## आँखा भएका अन्धा



**संगिता श्रेष्ठ**

**मारख्य:, कीर्तिपुर**

म एउटा देशभक्त नेपाली हुँ
मलाई मेरो देशको माया लाग्छ ॥

सहिदको रगतको मुल्य नबुभ्ने ति
राष्ट्रघातीलाई देशबाट नै निकालौं लाग्छ

खबरदार गरौं मेरा प्यारा देशभक्त
नेपाली दाजु भाई
जरैदेखि मिल्काई दिउँ
नेपाल आमाको रगत चुस्नेलाई

अर्को बाटो किन खन्छौं
आँखा भएका अन्धा नेता
सहिदले देखाएको बाटो हिंड
पाउनेछौं जनताको मत ॥

## अशोक शोकीका कविता



### ७.कता जाने हो ?

आफू नै आफ्नो होइन भने क[illegible]
सबैलाई आफ्नो ठानी अनि आफूलाई सवैको ठान्ने
मैले फेरेको श्वासको हावा मेरै हो
मैले टेकेको धर्तीको, बाटोघाटो मेरै हो
सबै खुला आफ्नै हो भने कुनाकन्दराको के कुरा
सबै दृश्य आफ्नै नजरको हो भने, साँघुरो
क्षितिजको के कुरा
सबै आफ्नो हुँदाहुँदै पनि आफू नै आफ्नो होइन
आफू नै आफ्नो होइन भने केलाई आफ्नो ठान्ने
यहाँ जे छ यहीँ छ , छोडेर जाने पनि यहीँ हो
लिने के हो दिने के हो, लिएर कता जाने हो ?

### ८.व्यर्थ लाग्छ

लुक्नुपर्ने काम गरे झुक्नुपर्ने हुन्छ
झुक्नुपर्ने काम गरे लुक्नुपर्ने हुन्छ
लुक्नु र झुक्नु कुकर्ममा हुन्छ
महान् मान्छे त्यही हुन्छ निन्दाबाट बचे
मन उघारो राखेर राम्रो कुरा सोचे
फूलसरि रूप देखाई काँडाले जस्तै घोच्नु
आदर्श(नीति धमिलिएर कुनीतिको दास हुनु
कुकर्मको अन्धमुष्टिमा उन्नतिको भ्रम देख्नु
आखिर त्यहाँ पापको ठूलो भारी हुन्छ
पापको भारी बोक्न जन्मनु व्यर्थ लाग्छ

अशोक शोकीको कलम यसरी चिप्लियो पुस्तकबाट

## ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगालाई माघ महिनामा आर्थिक सहयोग गर्नेहरुको सूची

१.डा. देवकाजी डंगोल– कत्तार रु.६०,०००/
२. रितु डंगोल श्रेष्ठ – मेलबोर्न, अष्ट्रेलिया रु.३०,०००/
३. आज्ञा श्रेष्ठ – लण्डन, युके रु. १२,०००/
४. बुलकुमारी महर्जन– शहिदपथ पाँगा रु.१२,०००/
५. रुद्रवहादुर स्मृति प्रतिष्ठान कीर्तिपुर रु.७०००/
६. प्रा.डा. तारा महर्जन – टेकू, काठमाडौं रु.५०००/
७. कृष्णकुमारी महर्जन – महाबो, पाँगा रु.५०००/
८. ई.दुर्कमान महर्जन – इचाख्य:, पाँगा रु.३०००/
९. सानुभाई महर्जन – पाघु पाँगा रु.२०००/
१०. स्व.अकलदास महर्जनको नाममा नन्दकुमारी महर्जन रु.१०००/




"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
☎ : 01-4331046